# भाग ५

## नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना १

नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (INTERPOL) स्थापना भएको एक सय वर्ष पुगेको अवसरमा सन् २०२३ को वसन्त ऋतुमा सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा नेपालको राष्ट्रिय झण्डा, नेपाल प्रहरी र अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनको झण्डा फहराउने कार्यका लागि नेपाल प्रहरीका प्रहरी वरिष्ठ नायब निरीक्षक पुरुषोत्तम नेपालीलाई सगरमाथा हिमालचुली आरोहण अनुमतिका लागि पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ४ को उपनियम (१) बमोजिम लाग्ने सलामी दस्तुर सोही नियमावलीको नियम ३२ को खण्ड (घ) बमोजिम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम २क. को उपनियम (१) बमोजिम सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकामा अवस्थित जुगल हिमश्रृङ्खलामा रहेका देहाय बमोजिमका हिमालचुली पर्वतारोहणका लागि खुला गर्ने निर्णय गरेकोले सोही नियमको उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | नाम | उचाई | हिम शृङ्खला | भौगोलिक अवस्थिति | |
|---|---|---|---|---|---|
| | | | | देशान्तर | अक्षांश |
| १ | जुगल १ | ६५९१ मि. | जुगल | ८५ डिग्री ४९ मिनेट ११.४९ सेकेन्ड पूर्वी देशान्तर | २८ डिग्री १० मिनेट ३०.२८ सेकेन्ड उत्तरी अक्षांश |
| २ | जुगल २ | ६५१८ मि. | जुगल | ८५ डिग्री ४८ मिनेट ५९.२६ सेकेन्ड पूर्वी देशान्तर | २८ डिग्री १० मिनेट ५३.९१ सेकेन्ड उत्तरी अक्षांश |
| ३ | जुगल ३ | ६१८४ मि. | जुगल | ८५ डिग्री ४८ मिनेट ४९.१० सेकेन्ड पूर्वी देशान्तर | २८ डिग्री ०९ मिनेट २९.५४ सेकेन्ड उत्तरी अक्षांश |
| ४ | जुगल ४ | ५९३६ मि. | जुगल | ८५ डिग्री ४९ मिनेट ७.३७ सेकेन्ड पूर्वी देशान्तर | २८ डिग्री ०८ मिनेट ४५.३२ सेकेन्ड उत्तरी अक्षांश |
| ५ | जुगल ५ | ५९२२ मि. | जुगल | ८५ डिग्री ५१ मिनेट २८.४१ सेकेन्ड पूर्वी देशान्तर | २८ डिग्री ०८ मिनेट ४७.५९ सेकेन्ड उत्तरी अक्षांश |

**आज्ञाले,**

**सुरेश अधिकारी**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।